# कन्टिजेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि २०८०

**प्रस्तावना**

गाँउपालिकामा प्राप्त हुने विशेष, सशर्त एवं समपुरक अनुदानका साथै गढी गाँउपालिका मार्फत संचालन हुने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार कट्टा हुने गरि आयने कन्टिजेन्सी रकम खर्च गर्ने प्रक्रियालाई थप पारदर्शी, मितव्ययी , र व्यवस्थित बनाउन वान्छनिय भएकोले स्थानिथ सरकार संतालन ऐन २०७४ को दफा १२० को उपदफा २ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसुचि १ को द्रस्टब्य (ग) ले दिएको अधिकार प्रयोग गरी गढी गाँउपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

- यो कार्यविधिको नाम " कन्टिजेन्सी रकम खर्च गर्ने सम्वन्धी कार्यविधि २०८०" रहेको छ ।
- यो कार्यविधि गढी गा.पा बाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

(क) कार्यविधि भन्नाले कन्टिजेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि २०८० सम्झनु पर्दछ ।

(ख) खरिद नियमावली भन्नाले सार्वजनिक खरिद नियमावलि ,२०६४ सम्झनु पर्दछ ।

(ग) गाउँपालिका भन्नाले गढी गाउँपालिकालाई  लाई सम्झनु पर्दछ ।

(घ) कन्टिजेन्सी रकम खर्च भन्नाले दफा ३ बमोजिमको शीर्षकमा गरीने खर्च सम्झनु पर्दछ।

**३. कन्टिजेन्सी खर्च शीर्षक :**

योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी रकमलाई गाउँपालिकाले देहाय बमोजिमको शीर्षकहरुमा मितव्ययी तथा पारदर्शी रुपमा खर्च गर्न सकिने छ ।

(क) योजना कार्यन्वयन गर्नका लागि आवश्यक अस्थायी प्रकृति (करार, ज्यालादारी) को जनशक्ती व्यवस्थापन ।

(ख) विवाद समाधान सम्बन्धि काममा हुने परामर्श सेवाको खर्च ।

(ग) खरिद सँग सम्बन्धित कार्यको लागी तत्काल कुनै अध्ययन वा परामर्श सेवा लिन त्यस्तो सेवाको खर्च ।

(घ) ययोजनहरुको बोलपत्र मुल्यांकन वा प्रश्ताव तयारी खर्च ।

(ङ) योजनाहरुको लागत अनुमान, डिजाइन, सर्भे, तथा निर्माण सम्बन्धि कार्य ।

(च) योजनाहरुको सामान्य मर्मत सम्भार लगायतका खर्च ।

(छ) सम्बन्धित योजनाहरुको सुपरिवेक्षणमा हुने इन्धन खर्च तथा दैनिक भ्रमण भत्ता खर्च ।

(ज) कृषि जोखिम न्युनिकरण, कृषि प्रविधि तथा यान्त्रिकरण हस्तान्तरण र उत्कृष्ट कृषक प्रोत्साहन कार्यक्रम ।

(झ) सार्वजानिक सम्पत्तिको सामान्य मर्मत सम्भार खर्च ।

(ञ) तत्काल कार्यन्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु ।

(ट) अतिथि सत्कार तथा भवन उद्घाटन खर्च ।

(ठ) विविध खर्च ।

४. कन्टिन्जेन्सी रका खर्च गर्ने प्रकृया :

(क) कुनैपनी योजनाको स्वीकृत लागत अनुमानको बढिमा ४ प्रतिशत बराबरको रकम मात्र खर्च गर्न योग्य कन्टिजेन्सि रकम हुनेछ ।

(ख) योजना सम्झौता/खरिद कम्झौता हुन बाँकी रहेको वा योजना सम्झौता/खरिद सम्झौता भएको तर कार्य प्रारम्भ भई नसकेको अवस्थामा पनि सो व्यवस्थापनको लागी यो कार्यविधि बमोजिमको कन्टिजेन्सी रकम खर्च गर्न सकिने छ ।

५. कन्टिजेन्सी खर्चको अभिलेख रख्नु पर्ने :

गाँउपालिकाको वार्षिक स्विकृत बजेट अन्तरगतका योजना तथा कार्यकमहरुको कन्टिजेन्सी बापतको रकमलाई अर्थिक वर्षको शुरुमा नै एकिकृत रुपमा हिसाबगरी सोको अभिलेख राख्नुपर्नेछ । तर यस्ता योजना तथा कार्यकमको कन्टिजेन्सी बापतको रकम योजना तथा कार्यकम कार्यन्वयन संग संगै आर्थिक वर्षको अन्त्य सम्म खर्च गर्न सकिनेछ ।

६. थपघट, हेरफेर वा संसोधन :

कार्यपालिकाले यस कार्यविधिलाई अवश्यक्ता अनुसार थपघट वा हेरफेर गरी संसोधन गर्न सक्नेछ ।

७. बाधा अड्काउ फुकाउने अधिकार :

यस कार्यविधि कार्यन्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार कार्यपालिकाको हुनेछ । तर प्रचलित ऐन, कानुन, नियम र यस कार्यविधिको मूलभूत कुरालाई असर गर्ने गरी अड्काउ फुकाउने अधिकार गर्न पाइने छैन ।

८. बैंक खाता :

कन्टिजेन्सी बापतको रकमलाइ व्यवस्थापन गर्न गाँउपालिकाको छुटै बैंक खाता प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको हस्ताक्षरमा संचालन गर्न सकिन्छ ।

